बैठक संख्या २२

आज मिति २०७५ साल चैत्र २५ गतेका दिन गाउँपालिका अध्यक्ष श्री लछिमन बोहोरा ज्यूको अध्यक्षतामा गाउँकार्यपालिकाको बैठक बसी देहायको उपस्थितिमा देहायका निर्णयहरु गरियो ।

**<u>उपस्थिति:</u>**

उपस्थितिः

| | |
|---|---|
| श्री लछिमन बोहोरा | अध्यक्ष |
| श्री पुन्नकली महतारा | उपाध्यक्ष |
| श्री दत्त बहादुर बुढा | सदस्य |
| श्री कन्न बोहोरा | सदस्य |
| श्री विर्षराम बोहोरा | सदस्य |
| श्री काली बहादुर रावत | सदस्य |
| श्री डिल बहादुर बुढा | सदस्य |
| श्री धन बहादुर थापा | सदस्य |
| श्री लाल बहादुर बुढा | सदस्य |
| श्री लक्ष्मी बोहोरा | सदस्य |
| श्री जालकली बुढा | सदस्य |
| श्री माया बुढा | सदस्य |
| श्री चैती ऐडी | सदस्य |
| श्री मैना कामी | सदस्य |
| श्री पानकली नेपाली | सदस्य |
| श्री टेक बहादुर बुढ्थापा | सदस्य सचिव |

आमन्त्रितहरुः

| | |
|---|---|
| श्री प्रेम बहादुर शाही | सूचना प्रविधि अधिकृत |
| श्री दान बहादुर विष्ट | ना. सु. |

पातारासी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जिल्लीचौर, जुम्ला
कर्णाली प्रदेश नेपाल

<u>बैठकका एजेण्डाहरु</u>:

- तेस्रो गाउँसभा सम्बन्धमा
- स्वास्थ्य शिविर सम्बन्धमा
- शिक्षा अभियान सम्बन्धमा
- आधारभूत स्वास्थ्यचौकी स्थापना सम्बन्धमा
- वडा नं ३ को योजना परिमार्जन सम्बन्धमा
- ठेक्काबाट बचत हुन आएको रकम सम्बन्धमा
- लेखापरीक्षकहरुको सूचीकृत सम्बन्धमा
- शिक्षा शिर्षकमा बिनियोजन गरिएको बजेट सम्बन्धमा

**निर्णय नं. १**

प्रस्ताव नं १ मा छलफल गर्दा यस पातारासी गाउँपालिकाको तेस्रो गाउँसभा यहि चैत्र महिनाको २६ गर्ने भनि तोकिएतापनि विविध कारणले सो मितिमा गर्न नसकिने भएकोले उक्त गाउँसभा २०७६।०१।०५ गते गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

प्रस्ताव नं २ मा छलफल गर्दा यस गाउँपालिकाले मिति २०७६।०१।४ र ५ गते गर्ने भनिएको स्वास्थ्य शिविर उक्त मितिमा गाउँसभा हुने भएकोले सो शिविर २०७६।०१।११ र १२ गते गर्ने निर्णय सर्वसम्वत रुपमा पारित गरियो ।

**निर्णय नं. ३**

प्रस्ताव नं ३ मा छलफल गर्दा यस गाउँपालिका अन्तर्गतका विद्यालयका बालबालिकाहरु यार्सागुम्बा संकलनका लागि पाटनतिर जाने भएकाले उक्त समयमा विद्यालयको पठनपाठन कार्यमा अवरोध सृजना हुने र बालबालिकाहरुको भविष्यमा धेरै नकरात्मक असर पर्ने देखिएकाले उक्त कार्यलाई रोकी पढाईलाई नियमित गर्ने उद्देश्यले सडक नाटक सहित गाउँपालिकाका पदाधिकारीहरु, वडाध्यक्ष ज्यूहरु, सदस्य ज्यूहरु, विद्यालयका शिक्षकहरु लगायत अन्य सरोकारवालाहरुको उपस्थितिमा वडा नम्बर १, २, ३ र ४ का

विभिन्न ९ वटा विद्यालयहरुमा मिति २०७६।०१।६, ७, ८ र ९ गते अभियान सञ्चालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

प्रस्ताव नं ४ मा छलफल गर्दा कर्णाली प्रदेश सरकार भौतिक पूर्वाधार तथा सहरी विकास मन्त्रालयको आर्थिक सहयोगबाट यस गाउँपालिका अन्तर्गतका तपशिलका बमोजिमका वडामा निम्न बमोजिमको स्थानमा आधारभूत स्वास्थ्यचौकी स्थापना गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| १. वडा नं २ | भोटेबिसौनी |
| २. वडा नं ५ | पानीधारा |
| ३. वडा नं ७ | खोरीखोला चौतारा |

**निर्णय नं. ५**

प्रस्ताव नं ५ मा छलफल गर्दा यस गाउँपालिकाको दोस्रो गाउँसभाद्वारा वडा नं ३ को छुमदेखि चौर गाउँसम्म सिचाई कुलो निर्माणको लागि रु १८ लाख बिनियोजन गरिएको हाल आएर जग्गाको विवादको कारणले उक्त योजना कार्यान्वयन गर्न नसकिने भनि वडाबाट निर्णय सहित सिफारिस भई आएकोले उक्त योजना परिवर्तन गरि चौरकुला देखि चौर गाउँसम्मको ग्रामीण सडक स्तरोन्नती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

प्रस्ताव नं ६ मा छलफल गर्दा यस गाउँपालिकाले चा लु आ व मा ठेक्का आवह्वान गर्दा बचत हुन आएको रकमबाट तपशिल बमोजिमका योजनाहरुमा पून ठेक्का आवह्वान गर्ने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| १. उर्थू पेरे चोत्राहुँदै डोल्पा जोड्ने ग्रामीण सडक स्तरोन्नती बाँकी खण्ड | रु ९४,३३,५००। |
| २. लासी तिर्खु लेटिलेकहुँदै गोठीचौर गा पा जोड्ने सडक स्तरोन्नती बाँकी खण्ड | रु १५,४७,५००। |
| ३. पेरे हेपो गडिगाउँ सडक निर्माण | रु ११,५९,०००। |
| ४. हुरी गाउँदेखि सरस्वती आधारभूत विद्यालय सम्म सडक निर्माण बाँकी खण्ड | रु ११,५५,०००। |

**निर्णय नं. ७**

प्रस्ताव नं ७ मा छलफल गर्दा यस  गाउँपालिका अन्तर्गतका सम्पूर्ण विद्यालयहरुको गत आ व २०७४।०७५ को लेखापरीक्षण गर्नुपर्ने भएकोले लेखापरीक्षकहरुले सूचीकृत हुनको लागि सूचना प्रकाशन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

प्रस्ताव नं ८ मा छलफल गर्दा यस पातारासी गाउँपालिकाको चालु आ व २०७५।०७६ को शिक्षा शिर्षकमा बिनियोजित बजेटबाट तपशिल बमोजिमका  विद्यालयहरुलाई निम्न बमोजिमको रकम अनुदानको रुपमा उपलब्ध गराउने निर्णय गरियो ।

**तपशिल**

| | |
|---|---|
| १. गंगा मा वि पेरे | १,५८,०००। |
| २. सरस्वति मा वि तल्फी | ३,४५,०००। |
| ३. मालिका मा वि लोटचौर | ५,५६,५००। |
| ४. सरस्वती मा वि रिनी | १,६२,०००। |
| ५. आधारभूत विद्यालय लुम | २,११,५००। |
| ६. शंकर आधारभूत विद्यालय लोर्पा | २,११,५००। |
| ७. भगवती आधारभूत विद्यालय उर्थू | १,४१,०००। |
| ८. महारुद्र आधारभूत विद्यालय पटमारा | २,७५,०००। |
| ९.गंगादेवी आधारभूत विद्यालय गडिगाउँ | १,३३,०००। |
| १०.सरस्वती आधारभूत विद्यालय महरी | ६६,५००। |
| ११.आधारभूत विद्यालय छुम | ६६,५००। |
| १२.ज्योती आधारभूत विद्यालय | १,३३,०००। |
| १३.महादेव आधारभूत विद्यालय तिर्खु | १,३३,०००। |
| १४.गौरी आधारभूत विद्यालय बाँता | ६६,५००। |
| १५.लसुर बालविकास केन्द्र लाम्री | ६६,५००। |
| १६.हाँसपाली बालविकास केन्द्र | १,७८,५६०। |
| १७.बालविकास केन्द्र भोट गाउँ | ४७९७०। |
| १८.बालविकास केन्द्र महारी गाउँ | ४७९७०। |